# प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, २०७७

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम

## २०७७

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

# प्रारम्भिक बालविकास र शिक्षा पाठ्यक्रम, २०७७

**प्रकाशक** : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**© सर्वाधिकार** : पाठ्यक्रम विकास केन्द्र
वि.सं. २०७७

**मुद्रण** : सिद्धकाली अफसेट प्रेस प्रा.लि.
पुतलीसडक, काठमाडौं ।

# भूमिका

विद्यालय तहको शिक्षालाई बढी उद्देश्यमूलक, व्यावहारिक, समसामयिक एवम् सान्दर्भिक बनाउने अभिप्रायले पाठ्यक्रम परिमार्जनको कार्य प्रारम्भ गरिएको हो । यसै सन्दर्भमा शिक्षक, अभिभावक, विद्यार्थी तथा विज्ञहरूबाट प्राप्त राय सुझाव; ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिर्वतन र स्थानीय आवश्यकता तथा विश्वव्यापी सन्दर्भबिच सन्तुलनको आवश्यकतालाई समेत दृष्टिगत गरी प्रारम्भिक बालविकास र शिक्षा पाठ्यकम, २०७७ विकास गरी लागू गरिएको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको विद्यालय शिक्षाको पाठ्यक्रम विकासका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा स्वरूपमा आधारित भई उल्लिखित सन्दर्भहरूलाई समेत आधार मानी प्रारम्भिक बालविकास र शिक्षा पाठ्यकम, २०७७ विकास गरिएको छ । विश्वमा भएका नवीनतम शैक्षिक परिवर्तन एवम् नेपालको वर्तमान सन्दर्भ र स्थानीय आवश्यकतालाई दृष्टिगत गरी बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने, सामाजिक न्याय प्रवर्धन गर्ने र राष्ट्र निर्माणका लागि सक्षम तथा प्रतिस्पर्धी नागरिक विकास गर्ने लक्ष्यसहित राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले तयार गरेको विद्यालय शिक्षाको मार्गचित्रमा आधारित भई यो पाठ्यक्रम विकास गरिएको हो । पाठ्यक्रममा समावेश गरिएका विभिन्न विषयलाई अन्तरसम्बन्धित गरी जीवनसापेक्ष बनाउने खालको सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्ने उद्देश्य राखिएको छ । अन्तर्राष्ट्रिय अभ्यास र नेपालको अनुभव, नेपालको शिक्षण सिकाइको अभ्यास, शिक्षक उपलब्धता र तयारी, पेसागत विकासलगायतका सन्दर्भको विश्लेषण गरी आधारभूत विषयक्षेत्र अन्तर्गत शारीरिक सिप, संवेगात्मक सिप, सामाजिक, सांस्कृतिक र नैतिक सिप, बौद्धिक तथा मानसिक सिप, स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप तथा  सृजनात्मक सिप र विषयगत सिप सिकाइका क्षेत्र अन्तर्गत भाषिक सिप, पूर्व गणितीय सिप, दृश्यकला, कार्यतरिका र सिर्जनशीलता, वातावरण विज्ञान र सामाजिक अध्ययन विषयक्षेत्र समावेश गरी बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम तयार गरिएको छ ।

शिक्षक, विशेषज्ञ तथा विज्ञहरूको सहभागितामा सञ्चालन गरिएका विभिन्न कार्यशालाका माध्यमबाट विकास गरिएको मस्यौदामा विभिन्न विषय समितिहरूबाट प्राप्त सुझावहरू लिई थप पृष्ठपोषणसमेतलाई आधार मानेर परिमार्जित स्वरूपमा तयार गरी नेपालका सम्बन्धित सबै विद्यालय तथा प्रारम्भिक बालविकास केन्द्रहरूमा

शैक्षिक सत्र २०७७ देखि कार्यान्वयन प्रारम्भ हुने गरी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृत भएको हो ।

यो पाठ्यक्रम तयार गर्ने क्रममा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने नीति निर्माता, विज्ञ तथा विशेषज्ञ, शिक्षाविद्, प्राध्यापक, शिक्षक, विद्यार्थी एवम् सम्बन्धित सरोकारवालाहरूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यो पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गरिएको छ । प्रारम्भिक बालविकास र शिक्षाको यो पाठ्यक्रम गतिशील दस्तावेज भएकाले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि केन्द्रले पाठ्यक्रम प्रयोगकर्तालगायत सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ ।

धन्यवाद् ।
वि.सं. २०७७, चैत्र

पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

# विषय सूची


| क्र.स. | विषयवस्तु | |
|---|---|---|
| १. | परिचय | १ |
| २. | प्रारम्भिक बालविकास र शिक्षा पाठ्यक्रम | |
| | क. सक्षमता | ३ |
| | ख. सिकाइ उपलब्धि | ४ |
| | ग. सिप सिकाइका क्षेत्र र कार्यघण्टा | २८ |
| | घ. एकीकृत संरचनामा आधारभूत एवम् विषयगत सिपगत सिकाइ उपलब्धिको वितरण | २९ |
| ३. | सिकाइ सहजीकरण प्रक्रिया | २९ |
| ४. | पठनपाठन तथा विकासात्मक कार्यकलापका लागि समय निर्धारण | २९ |
| ५. | पाठ्यक्रम कार्यान्वयन | ३० |
| | ५.१ सिकाइ वातावरण | ३० |
| | ५.२ अभिभावक/समुदायको संलग्नता | ३३ |
| | ५.३ अपाङ्गता भएका बालबालिकाको सन्दर्भमा बालविकास कार्यक्रम | ३४ |
| | ५.४ बालशिक्षकको भूमिका | ३४ |
| ६. | मूल्याङ्कन प्रकिया | ३६ |
| अनुसूची १ दैनिक कार्यतालिका | | ३७ |

# प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम

## १. परिचय

मानव विकास एक निरन्तर चलिरहने प्रक्रिया हो । सिकाइ मानव विकासको एउटा पक्ष हो । यो गर्भावस्थादेखि मृत्युपर्यन्त जारी रहन्छ । मानव जीवनको आधारशीलाका रूपमा रहेकाले प्रारम्भिक बाल्यावस्था वा बाल्यकालको विकास महत्वपूर्ण हुन्छ । त्यसैले सरकारले आफ्ना नागरिकको सर्वाङ्गीण विकासका लागि विशेष लगानी गरेको हुन्छ । यसका लागि नेपाल सरकारले पनि संविधान, ऐन कानुन,नीति र कार्यक्रमहरूमा विभिन्न व्यवस्था गरेको छ । नेपालको संविधानको धारा ३९(२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने छ भन्ने व्यवस्थाले बालबालिकाको हकलाई सुनिश्चित गरेको छ । यसैगरी ३९(३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुने छ भनी बालबालिकाको विकास र सहभागिताको व्यवस्था गरिएको छ । शिक्षा (नवौं संशोधन) ऐन २०२८ ले चारवर्ष उमेर पूरा गरेका बालबालिकाहरूलाई एक वर्षको पूर्व प्राथमिक शिक्षाको परिकल्पना गरेको छ । यसै गरी सोही ऐनको दफा ११ त (१) मा "प्रारम्भिक बालविकास र शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी  व्यवस्था तोकिएबमोजिम हुने छ" भनी उल्लेख गरिएको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले भने चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने र चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ ।

विद्यालय क्षेत्र विकास योजनाले पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, मानसिक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास

गरी प्रारम्भिक बालविकास र शिक्षालाई अधिकारमा आधारित बनाउने र विद्यालय प्रवेशको तयारी गराउने उद्देश्य तथा रणनीति लिएको छ । यसैगरी पन्ध्रौं योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गरी यसलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने रणनीति तय गरेको छ । यसले कम्तीमा एक विद्यालय एक बालविकास केन्द्रको अवधारणाअन्तर्गत स्थानीय तहमार्फत बालविकास केन्द्रहरूको पुनर्वितरण गरी सङ्घीय सरकारबाट हाल दिइँदै आएको अनुदानलाई निरन्तरता दिँदै प्रदेश तथा स्थानीय तहबाट समेत लगानी गरी बालविकास केन्द्रको विकासका लागि लागत साझेदारी गर्ने कार्यनीति तय गरेको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले प्रारम्भिक बालविकास र शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन स्थानीय तहबाट नै हुने व्यवस्था गरेको छ ।

विगतमा सामुदायिक र संस्थागत विद्यालयहरू एवम् विभिन्न सङ्घसंस्थाहरूले आआफ्नो तरिकाले प्रारम्भिक बालविकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएकामा यसलाई नियमन र नियन्त्रण गर्न २०६२ सालमा तत्कालीन शिक्षा विभागले पाठ्यक्रमको रूपमा "प्रारम्भिक बालविकास दिग्दर्शन" र २०६८ सालमा "प्रारम्भिक बालसिकाइ तथा विकास मापदण्ड" तयार गरी कार्यान्वयन गर्दै आएको थियो । शिक्षा ऐनको नवौं संशोधनपछि प्रारम्भिक बालविकास विद्यालय शिक्षाको अङ्ग भएको हुनाले शिक्षा विभागबाट विकसित दिग्दर्शन तथा मापदण्डसमेतका आधारमा चार वर्ष (४८ महिना पूरा गरेका) उमेरसमूहका सम्पूर्ण बालबालिकाहरूका लागि विद्यालय, बालविकास केन्द्र वा निजीस्तरबाट सञ्चालित बालविकास कक्षाका लागि पाठ्यक्रम विकास केन्द्रबाट पाठ्यक्रम विकास गरिएको हो । यस पाठ्यक्रमले बालबालिकाको रुचि, क्षमता र आवश्यकता साथसाथै उनीहरूको सर्वाङ्गीण विकासलाई प्राथमिकतामा राख्नुका साथै बालबालिकाको सिकाइमा परिवार र समुदायमा रहेका र अन्य स्रोतको प्रयोग गरी प्रारम्भिक बालविकासको सुनिश्चितता गर्ने पक्षमा जोड दिएको छ । वर्तमान परिप्रेक्ष्यमा यसका लक्ष्य, सक्षमता, विकास तथा सिकाइका क्षेत्र र सिकाइ उपलब्धिहरू, सिकाइ सहजीकरण प्रक्रिया,

पाठ्यक्रम कार्यान्वयनका मापदण्ड, मूल्याङ्कन प्रक्रिया र शिक्षकको भूमिकाका बारेमा यहाँ उल्लेख गरिएको छ ।

## २. प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम

प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रमले बालबालिकाको सर्वाङ्गीण विकास र बालबालिकाको सिकाइका लागि आधारशिला निर्माण गर्ने लक्ष्य निर्धारण गरेको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले एक वर्ष अवधिको प्रारम्भिक बालविकास र शिक्षापछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरेको छ भने कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरेको छ । उक्त नीतिगत दस्तावेजका अनुसार प्रारम्भिक बालविकास र शिक्षा पाठ्यक्रमले बालबालिकाको सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोच तथा भाषिक तथा सञ्चार सिपको विकास कार्यमा विशेष जोड दिएको छ । उक्त सन्दर्भसमेतका आधारमा प्रारम्भिक बालविकास र शिक्षाका लागि निम्नानुसारका सक्षमता निर्धारण गरिएका छन् :

### (क) सक्षमता

१. अभिव्यक्ति तथा सञ्चारका लागि भाषाको उपयोग

२. पोषणयुक्त खाद्यपरिकारको पहिचान र दैनिक रूपमा उपयोग

३. स्वस्थकर बानी तथा असल सामाजिक व्यवहारको अनुसरण र आवश्यकतानुसार नमुना प्रदर्शन

४. वैयक्तिक सुरक्षाका उपाय अवलम्बन

५. दैनिक व्यवहारका कार्य सम्पादनका क्रममा विषयगत सिकाइ र सिर्जनात्मक सोचको प्रयोग

६. सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता र तिनमा आधारभूत सिपको प्रयोग

(ख) **सिकाइ उपलब्धि**

प्रारम्भिक बालविकास र शिक्षा पूरा गरेपछि विद्यार्थीहरू निम्नानुसारका कार्य गर्न समर्थ हुने छन् :

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| १ | **आधारभूत सिप सिकाइका क्षेत्र** | शारीरिक सिप | • आत्मविश्वासका साथ हिँड्न र सिँढी उक्लन तथा ओर्लन<br>• सन्तुलन मिलाई छिटो दौडन र दुई खुट्टाले उफ्रन<br>• शरीरको चाल सन्तुलित राख्न र शरीरका भाग चलाउन<br>• शौचालयको प्रयोगमा आत्मनिर्भर हुन<br>• आफ्ना दैनिक कामहरू आफैँ गर्ने प्रयास गर्न । | १. **शरीर सम्बन्धी ज्ञान**<br>• निर्देशनअनुसार सिधा बस्न र खुट्टा दोबार्न<br>• निर्देशानुसार, बस्न, उभिन, झुक्न, हातखुट्टा चलाउन<br>• शरीरका मुख्य मुख्य जोर्नीहरू छुन<br>• निर्देशानुसार शरीरका दुई भागहरूलाई जोड्ने (जस्तै टाउको र काँध, घुँडा र चिउँडो), आँखी भौँ चलाउने जस्ता कार्य गर्न<br>२. **शारीरिक सङ्गठन**<br>• एक मिटरसम्मको दुरीमा बल, गेडागुडी राखेका साना ब्यागहरू फ्याँक्न र समात्न<br>• एक मिटर टाढाबाट निश्चित घेराभित्र पुग्ने गरी बल फ्याँकेर निसाना लगाउन<br>• दुवै गोडाले उफ्रन<br>• एक गोडाले दुई, तीन फड्को मार्न र ससाना एक दुई |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | खुड्किला तलमाथि गर्न<br>• दुई तीन मिटरको दुरीसम्म हलुका सानो कुर्सी बोकेर लैजान<br>• २ मिटर र सोभन्दा माथिको निश्चित घेराभित्र पुग्ने गरी वस्तुले हिर्काएर निसाना लगाउन<br>• भुइँभन्दा ४/५ इन्च माथि कुनै कुराका सहायताले शरीरलाई सन्तुलित राख्न, (जस्तै : रुखका बलिया हाँगामा झुन्डिने, बलियो डोरीमा झुन्डिने आदि)<br>• शरीर तन्काउन ।<br>३. **हिँडाइ र चाल**<br>• सङ्केतअनुसारको हिँडाइ र उफ्राइको गति बढाउन<br>• विभिन्न सङ्केतअनुसार चाल परिवर्तन गर्न ।<br>४. **शरीर सन्तुलन**<br>• सिधा लाइनमा ३ मिटरसम्म सन्तुलित भई हिँड्न<br>• गोडाका औंलाका टुप्पाले उभिन<br>• दौडँदादौडँदै, हिँड्दाहिँड्दै झ्वाट्ट उभिई शरीरलाई सन्तुलनमा ल्याउन<br>• एक गोडाका औंलाका टुप्पाले केही समयसम्म सन्तुलित भई |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | उभिन<br>• साँघुरो ठाउँ (जस्तै : १ फिट चौडाको डिल, फल्याकमा) निश्चित घेरा तथा रेखाहरूमा सन्तुलित भई हिँड्न ।<br>५. **चालबाट अभिव्यक्ति**<br>• शरीरलाई झुकाएर सानो भई देखाउन<br>• शरीरलाई तन्काएर ठुलो भई देखाउन<br>• हात र अनुहारबाट साधारण सङ्केतहरू गरेर भाव व्यक्त गर्न<br>• तालमा बस्दै घिस्रँदै हिँड्न<br>• आँखा, नाक, मुखलाई चलाएर अभिव्यक्ति दिन<br>• हातगोडा चलाएर विभिन्न किसिमका साधारण कसरत गर्न<br>• बसेर विभिन्न किसिमका कसरत गर्न<br>• निर्देशन, ताल वा आवाजको आधारमा सिधा लाइनमा बस्न<br>• विभिन्न आवाजका आधारमा ताल मिलाएर कसरत गर्न<br>• उफ्रेर कसरत गर्न<br>• निर्देशनअनुसार घेरामा बस्न र घेराबाट छिरेर बस्न<br>• निर्देशनअनुसार ससाना समूहमा बस्न |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | • विभिन्न अभिव्यक्ति हेरेर अभिव्यक्तिबाट (जस्तैः आउजाउ, नाइ जस्ता) इसाराबाट नै प्रतिक्रिया दिन । |
| | | संवेगात्मक सिप | • सुरक्षा र स्वतन्त्रताको अनुभूति गर्न<br>• आफूप्रतिको सकारात्मक भावना विकास गर्न<br>• परिस्थितिअनुसार उचित संवेग प्रकट गर्न<br>• आफ्नो कुरा व्यक्त गर्न<br>• संयमित हुन सिक्न । | • घटना र प्रकृतिअनुसारको हाउभाउ देखाउन<br>• परिवेश अनुकूल हाँसो, दुःख, विस्मात, खुसी, भय, स्नेह प्रकट गर्न<br>• संवेगहरूलाई सन्तुलित रूपमा प्रयोग गर्न<br>• विभिन्न संवेगहरूको अभिनय गर्न |
| | | सामाजिक, सांस्कृतिक र नैतिक सिप | • अरूलाई आदर र सहयोग गर्न, सबैसँग मेलमिलाप राख्न<br>• आफ्नो पालो पर्खन र अरूलाई पनि पालो दिन<br>• आफ्नो स्तरका साथीको नेतृत्व लिन अग्रसर हुन<br>• सामूहिक खेलमा सहभागी | १. **शिष्टाचार र सामाजिकीकरण**<br>• आफूभन्दा ठुलालाई नमस्कार गर्न<br>• घरमा वा कक्षामा नयाँ व्यक्तिहरू आएमा नमस्कार गर्न र स्वागत गर्न<br>• कक्षाकोठाभित्र आउँदा वा बाहिर जाँदा शिक्षक/सहजकर्तासँग सोध्न तथा आउँदा जाँदा लाइनमा मिल्न र पालो पर्खने बानी बसाल्न<br>• स्वागत गर्दा उभिन र बस नभनेसम्म नबस्न |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | हुन र साथीहरू बनाउन<br>• अरूको कुरा ध्यानपूर्वक सुन्न र आफ्ना कुरा भन्न<br>• खेलको नियम पालना गर्न<br>• फरक फरक भाषा, संस्कृति र रहनसहनप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न<br>• स्थानीय चाडपर्व तथा सांस्कृतिक रीतिरिवाजमा उत्सुकता देखाउन | • वरपरका जीवजनावर, बोटबिरुवालाई स्याहार तथा माया गर्न र सुरक्षा प्रदान गर्न<br>• नयाँ व्यक्तिहरू तथा साथीहरूसँग परिचय गर्न र परिचय माग्न<br>• ठुलाको उपयुक्त निर्देशन र सानाको भनाइको कदर गर्न<br>• नयाँ व्यक्तिहरूसँग परिचय गर्दा नमस्कार गर्न वा टाउको झुकाउन<br>• आफ्ना कुरा नम्र भएर साथी समूहमा राख्न<br>• खाना खानुअघि सोध्न र खाइसकेपछि उठ्ने बेलामा सँगै बसेका साथीहरूबाट सहमति लिन<br>• नयाँ व्यक्तिहरूसँग परिचय गर्दा नमस्कार गर्न वा टाउको झुकाउन<br>• स्वागत गर्दा उभिन र बस नभनेसम्म नबस्न<br>• नम्र अभिव्यक्तिहरू प्रयोग गरेर सहयोग लिन र दिन ( कृपया, धन्यवाद, स्वागत आदि)<br>• घरपरिवार र छरछिमेकमा उमेर तथा सम्बन्धअनुसारको नाता लगाएर बोल्न |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | २. **नित्य कर्म**<br>• बिहान उठेपछि स्वस्थ रहनका लागि बिहान उठेपछि गरिने नित्यकर्महरू गर्ने (शौचालय जाने हात धुने, दाँत माँभ्ने, दिशापिसाब गर्ने इत्यादि) बानी बसाल्न<br>• एकाग्र भई केही समय प्रार्थना गर्न<br>• आफ्ना सामानहरू ठिक ठाउँमा राख्न र जतनका साथ प्रयोग गर्न ।<br>३. **साथीसँगको सम्बन्ध र अन्य व्यवहार**<br>• निकटतम साथीहरूको नाम, ठेगानापहिचान गर्न र भन्न<br>• समूहमा मिलेर बस्नका लागि मागेका बेला आवश्यक सहयोग गर्न<br>• आफूभन्दा ठुलालाई आदर र सानालाई माया गर्न<br>• सहयोग गर्नका लागि तत्परता देखाउन र आवश्यकता हेरी सहयोग गर्न<br>• साथीहरूसँग मिलेर बस्न र खेल्न<br>• सबैको कुरा सुन्ने र पालो पर्खेर बोल्ने बानी बसाल्न<br>• समूहमा सबैलाई बराबर सम्मान दिन । |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | ४. **दायित्व**<br>• आफ्नो र साथीहरूका तथा कक्षाका सामान जतनका साथ राख्न<br>• ठिक ठाउँमा सामान राख्ने बानी बसाल्न<br>• अरूका सामान लिँदा सोधेर लिन र काम सकेपछि तुरुन्तै फर्काउन<br>• सामानहरूलाई सफा, सुरक्षित राख्न र तिनीहरूको सदुपयोग गर्न<br>• काम लाग्ने महत्वपूर्ण चीजहरू सुरक्षित र व्यवस्थित गर्न<br>• कसैलाई अप्ठेरो परेका बेला सहयोगका लागि अघि सर्न र सक्दो सहयोग गर्न<br>• परिवारमा भएका जेष्ठ नागरिक, घरपालुवा पशुपक्षी र घरवरपर रहेको बोटबिरुवालाई माया गर्न ।<br>५. **सांस्कृतिक र धार्मिक सहिष्णुता तथा कदर**<br>• आफ्नो परिवारमा मनाइने चाडपर्वको नाम भन्न<br>• आफ्नो परिवारमा मनाइने चाडपर्वमा सहभागी हुन<br>• आफूले लगाउने पोसाकहरूको नाम भन्न<br>• हरेक धर्म, रीतिरिवाज र चाडपर्वका राम्रा कुराहरूबारे |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | जानकारी राख्न<br>• राम्रा कुराहरू आफूले अपनाउन<br>• आफू र साथीहरूका रीतिरिवाज, संस्कृति र धर्मका बारेमा बताउन । |
| | | बौद्धिक तथा मानसिक सिप | • सिर्जनात्मकता, उत्सुकता, काल्पनिकताको विकास गर्न<br>• विभिन्न रङ र आकार छुट्याउन<br>• पूरा वाक्य स्पष्टसँग बोल्न<br>• दिइएका निर्देशनहरू सुनेर पालना गर्न<br>• धेरै थोरै, सानो ठुलो जस्ता आधारभूत धारणाको विकास गर्न<br>• आफू र आफ्नो परिवारसँग सम्बन्धित सामान्य जानकारी दिन (नाम, ठेगाना, मोबाइल नम्बर, आदि) | १. **बौद्धिक सिपका पक्षहरू**<br>**समानता र भिन्नता** (Similarities and Differences)<br>• वस्तुहरूको आकृति र रङका आधारमा समानता र भिन्नता पहिचान गर्न<br>• प्रयोग र बनोटका आधारमा वस्तुहरूलाई वर्गीकरण गर्न<br>• वस्तुहरू फरक हुने सामान्य कारण बताउन ।<br>**व्यवस्था र मिलान (Organization & Arrangement)**<br>• आफूले गर्ने दैनिक क्रियाकलापहरूको क्रम मिलाउन<br>• देखेका र भोगेका घटना क्रमिक रूपले बताउन<br>• ढाँचा (Pattern) हेरेर सोही ढाँचा र नयाँ ढाँचा (Pattern) बनाउन<br>• आफ्नै तरिकाले वस्तुहरूको विभिन्न खालका ढाँचा बनाउन<br>• उदाहरणका आधारमा धारणाको सामान्यीकरण गर्न |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | • सानो ठुलो, राम्रो नराम्रो, धेरै थोरै भनी साधारण फरक छुट्याउन,<br>• रेडियो, टिभी, मोबाइल, कम्प्युटर जस्ता सामग्रीहरू चिनेर तिनीहरूको प्रयोग गर्न उत्सुक हुन । | • घटना, अवस्था, चित्र वा विवरणहरूमा एकपछि अर्काको सम्बन्ध खोजी गर्न<br>• विभिन्न अवस्था तथा क्रियाकलापहरूलाई क्रमबद्ध रूपमा राख्न<br>• घटनाका सामान्य कारण र असर पत्ता लगाउन ।<br>२. **सोचाइको प्रक्रिया स्मरण**<br>• हेराइ र सुनाइका आधारमा वस्तुहरूको स्मरण गर्न र ५ ओटासम्म नाम बताउन<br>• हेराइ र सुनाइका आधारमा विभिन्न वस्तु पहिचान गर्न ।<br>**धारणा विकास**<br>• वस्तुहरूलाई छोएर, हेरेर अनुभव गरी धारणा विकास गर्न<br>• प्राप्त धारणाको आधारमा सामान्यीकरण गरी उस्तै वस्तुहरूका धारणा बनाउन<br>• धारणालाई मूर्त वस्तुसँग सम्बन्ध कायम गर्न<br>• साधारण धारणाहरूको आधारमा सामान्यीकरण गर्न ।<br>**समस्या समाधान**<br>• प्रत्यक्ष अनुभवका आधारमा समस्या समाधान गर्न<br>• अभ्यासका आधारमा समस्या समाधान गर्न |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | • साधारण समस्या पहिचान र समाधान गर्न<br>• समाधानका लागि मौखिक उपाय प्रस्तुत गर्न<br>• दैनिक जीवनमा आइपर्ने कठिन समस्याहरूको समाधानका लागि वैकल्पिक उपायहरूको प्रयोग गर्न<br>• समाधान गरिएका उपायहरूलाई उस्तै प्रकार तथा परिस्थितिका समस्याहरूमा प्रयोग गर्न<br>• नयाँ परिस्थितिमा आफूलाई समायोजन गर्न ।<br>३. **मानसिक अभिवृत्ति**<br>**बौद्धिक कार्यको नियन्त्रण**<br>• सही र गलत क्रियाकलापप्रति सजग रहन<br>• गर्न हुने र नहुने कामहरूको पहिचान गर्न र सजग रहन<br>• भूल हुनुको कारण पत्ता लगाउन<br>**ध्यानपूर्वकको सुनाइ, एकाग्रता र धैर्यता**<br>• छोटो समयका लागि मन परेका कुरामा ध्यान केन्द्रित गर्न<br>• नौलो विषयमा बढी चासो राखी सूचना सङ्कलन गर्न र एकाग्रता वृद्धि गर्न<br>• ध्यान केन्द्रित गर्ने क्षमता बढाउँदै जान । |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप | | **१. शरीरबारे जानकारी**<br>• शरीरका विभिन्न अङ्गहरूका नाम र काम बताउन<br>• अग्लो, होचो, मोटो र दुब्लो बताउन<br>• विभिन्न हाउभाउद्वारा अभिव्यक्त गर्न<br>• आफू र अरूका बिचमा शारीरिक समानता र भिन्नता पहिल्याउन ।<br>**२. स्वास्थ्य**<br>• हात खुट्टा, मुख, दाँत र शरीरका अन्य अङ्गहरू सफा राख्न<br>• सफा लुगा, जुत्ता, चप्पल लगाउन<br>• मौसमअनुसारका लुगा लगाउन<br>• घरवरपरको सरसफाइमा चासो दिन<br>• स्वस्थ रहने बानी बसाल्न<br>• रोगबाट सुरक्षित रहन लुगाको छनोट गरी मौसमअनुसार लुगा लगाउन<br>• रुघाखोकी जस्ता साधारण सरुवा रोगबाट बच्ने बानीको विकास गर्न । |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | ३. सुरक्षा<br>• घर तथा घरबाहिर हुने खतरा र दुर्घटनाबाट बच्नका लागि आफूभन्दा ठुलाको निर्देशन पालन गर्न<br>• सुरक्षित रहने बानी बसाल्न<br>• जथाभावी चिजबिजहरू नचलाउन तथा मुखमा नहाल्ने बानी बसाल्न<br>• असुरक्षित खाना र वातावरण पहिचान गर्न<br>• नचिनेका वस्तुहरू खेल्नु, चलाउनु, र खानुअघि ठुला व्यक्तिहरूबाट सहयोग लिने बानी बसाल्न ।<br>४. पोषण<br>• ठिक तरिकाले खाना खाने बानी बसाल्न (जस्तै : नफ्याँक्ने, नछर्ने, नपोख्ने, हात धोएर खाने)<br>• नियमित खाना खाने बानी बसाल्न (जस्तै : बिहान खाने, दिउँसो खाने आदि)<br>• सफा भाँडाकुँडामा खाना खान<br>• सही तरिकाले पानीको प्रयोग गर्न<br>• शरीरका लागि चाहिने खाना र पानीको महत्व पहिचान गर्न । |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | **५. स्वास्थ्य सेवा र औषधी उपचार**<br>• स्वास्थ्य चौकी, नर्स र डाक्टरहरूबाट स्वास्थ्य सेवा लिन सकिने कुरा जानकारी प्राप्त गर्न<br>• बिरामी हुँदा आफूभन्दा ठुलाको निर्देशनमा रहेर औषधी खान ।<br>**६. वातावरण**<br>• वरपरको सरसफाइप्रति सचेत रहन<br>• फोहोर वातावरणबाट स्वास्थ्यमा नराम्रो असर पर्छ भन्ने कुरा बताउन<br>• निश्चित ठाउँ (डस्टबिन) मा फोहोर फ्याँक्ने तथा थुपार्ने बानी बसाल्न<br>• वरपरको फोहरलाई सफा पार्ने प्रयास गर्न । |
| | | सिर्जनात्मक सिप | | • विभिन्न चित्र र ढाँचाहरूको अवलोकन गरी वर्णन गर्न<br>• कलाप्रति आकर्षित हुन र त्यसको कदर गर्न<br>• चित्र बनाउन र रङ भर्न<br>• खोया, माटो, बालुवा, पिठो तथा धागोको प्रयोगबाट विभिन्न वस्तुहरू बनाउन र तिनको वर्णन गर्न<br>• कुनै वस्तु वा घटनाका सम्बन्धमा आफ्नो विचार व्यक्त गर्न । |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| २ | **विषयगत सिप सिकाइका क्षेत्र** | भाषिक सिप | • पूरा वाक्य स्पष्टसँग बोल्न<br>• दिइएका निर्देशनहरू सुनेर पालना गर्न<br>• कुनै वस्तु वा घटनाप्रति आफ्नो विचार अभिव्यक्त गर्न<br>• चित्र हेरी त्यसको वर्णन गर्न<br>• आंशिक रूपमा सग्ला अक्षरहरू चिन्न तथा स्वतन्त्र र निर्देशित रूपमा लेख्न | **सुनाइ र एकाग्रता**<br>• ध्वनि स्वर र आवाजहरूमा एकाग्रता वृद्धि गर्न<br>• ध्यान दिएर सुन्ने क्षमतामा वृद्धि गर्न ।<br>**भाषिक अन्तरक्रिया (बोलाइ)**<br>• अरूका कुरा सुन्ने धैर्यता र आफ्नो कुरा सुनाउने व्यवहारमा वृद्धि गर्न<br>• अर्थपूर्ण हुने गरी दोहोरो कुराकानी गर्न<br>• भाव स्पष्ट पार्नका लागि विभिन्न शब्दहरू प्रयोग गरी कुराकानी गर्न<br>• अरूका कुरालाई महत्व दिई प्रतिक्रिया जनाउन<br>• सहमति जनाउने कुराकानीमा संलग्न हुन र प्रश्नको उत्तर दिन<br>• निर्देशन बुझेर समूहको चाहनाअनुरूप कुराकानी गर्ने प्रयास गर्न<br>• दिइएको शीर्षकमा व्यवस्थित तथा क्रमिकरूपले कुरा गर्न र आफ्नो भावना तर्कपूर्वक बताउन कोसिस गर्न ।<br>**अभिव्यक्ति**<br>• आफ्नो कुराहरूलाई छोटकरीमा व्यक्त गर्न |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | • आफ्नो कुराहरूलाई स्पष्ट पार्न उपयुक्त शब्द चयन गर्न<br>• सरल शब्द प्रयोग गरी वास्तविकताको वर्णन गर्न<br>• चित्र हेरेर वर्णन गर्न ।<br>**धारणाको प्रयोग गरी अभिव्यक्ति**<br>• स्वतन्त्र विचार व्यक्त गर्ने क्रममा धारणाहरूको उचित प्रयोग गर्न<br>**शब्द र वाक्यका उच्चारणहरू**<br>• प्रचलित तथा आवश्यक शब्द र वाक्यहरू स्पष्टसँग उच्चारण गर्न<br>• वाक्य संरचना बुझ्न र प्रयोग गर्न<br>• साधारण वाक्यहरूको बनोट पहिचान गर्न<br>• सुनेका नयाँ नयाँ शब्द र वाक्यहरू पुनः प्रयोग गर्न<br>• अवस्थानुसार सुनेका नयाँ वाक्यहरू बोल्न उत्सुक हुन<br>• घरमा वा विशेष ठाउँ परिस्थितिमा गरिने कुराकानीबिच फरक छुट्याउन ।<br>**छापा सचेतता**<br>• पुस्तकको स्याहार गर्न तथा पुस्तक सही तरिकाले पल्टाउन<br>• दायाँबाट बायाँतिर र बायाँबाट दायाँतिर पढ्न र लेख्न (भाषाको |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | प्रकृतिअनुसार)<br>• पुस्तकमा भएका चित्र र अक्षरलाई आफ्नै प्रकारले सम्बन्ध गाँस्दै पढ्न र बुझ्नका लागि पढेको अभिनय गर्न<br>• अक्षरमा प्रयोग हुने आकारहरू बनाउन र आकारहरू जोडेर अक्षर तयार पार्न<br>• सरल अक्षर र शब्द चिन्ने प्रयास गर्न<br>• रेखाहरूको संयोजनबाट चित्र कोर्ने अभ्यास गर्न ।<br>**पूर्वलेखन**<br>• सिधा, छड्के र वक्ररेखा निर्माण गर्न<br>• थोप्ला जोडी आकृति निर्माण गर्न<br>• आकृतिको अनुकरण गर्न, लेख्न सङ्केत चिह्न (letter symbol) र लेख्य चिह्न चिनी अनुलेखन गर्न<br>• निर्देशित र स्वतन्त्र लेखाइको अभ्यास गर्न । |
| | | (ख) पूर्वगणितीय सिप | | **सङ्ख्या र समूहको ज्ञान**<br>• ९ सम्मका सङ्ख्या क्रमिक रूपमा गन्ती गर्न<br>• एक अङ्कका सङ्ख्या चिन्न<br>• समूहका वस्तु गन्ती गरी योभन्दा धेरै, योभन्दा थोरै र यो |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | बराबर जस्ता शब्दहरू प्रयोगबाट समूहबिच सम्बन्ध कायम गर्न<br>• ठोस वस्तु थप्दा र झिक्दा हुने अन्तर बताउन<br>• समूहमा बस्तु थप्दा थपेजति वस्तु मात्र गन्ती गरेर यति वस्तु भयो भनेर बताउन<br>• समूहमा वस्तु राखिएको ढाँचा हेरी तुलना गर्न र धेरै थोरै पत्ता लगाउन ।<br>**नाप**<br>• ठुलोसानो, लामोछोटो, अग्लोहोचो, मोटो मसिनो जस्ता धारणा स्पष्ट पार्न निर्देशनअनुसारको वस्तु प्रयोग गरी तुलना गरी बताउन<br>• पूरा र आधा भागको धारणा विकास गर्न ।<br>**समय**<br>• समयअनुसारका दैनिक क्रियाकलाप भन्न<br>• हरेक दिन पर्ने दिन, गते र बार बताउन ।<br>**ज्यामितीय आकार**<br>• दिइएका वस्तु वा आकृति हेरी ठुलोसानो, मोटोपातलो बताउन<br>• विभिन्न ठाउँमा देखिएका आकारहरूलाई अन्दाजको भरमा ठुलोसानो छुट्याउन । |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | **स्थानको सम्बन्ध**<br>• भित्रबाहिर, दायाँबायाँ, अघिपछि, तलमाथि र चार दिशाको धारणा विकास गर्न । |
| | | (ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता | | **चित्र लेखन**<br>• वस्तुलाई जनाउनका लागि  निश्चित आकार बनाउन<br>• क्षेत्र, स्थान, रङ र वास्तविकताका आधारमा चित्रात्मक वर्णनका लागि कोसिस गर्न<br>• चित्रमा उपयुक्त सङ्केत राख्न<br>• अक्षर र अङ्कमा प्रयोग हुने रेखात्मक चित्रहरू चिनेर कोर्न ।<br>**माटोको तथा पिठोको काम**<br>• माटो/पिठो मुछ्न र मनपर्ने आकार बनाउन<br>• आफूले बनाएको माटो वा पिठोको आकार वर्णन गर्न ।<br>**बालुवाको काम**<br>• वालुवामा मनपरेका आकृतिहरू बनाउन<br>• खेल तथा कलात्मक कार्यमा बालुवाको प्रयोग गर्न<br>• बालुवामा वर्ण तथा शब्द लेख्न, मेट्न र पुनः लेख्न । |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | **रङ**<br>• मनपर्दो रङको प्रयोगलाई प्राथमिकता दिन र तोकेका आकृतिमा रङ लगाउन ।<br>**पेन्टिङ**<br>• औला, हात, ब्रुस र अन्य तरिकाले पेन्टिङ गर्न ।<br>**च्यात्ने काम, कटाइ र टसाइ**<br>• कैँचीको प्रयोगमा सन्तुलन ल्याउन<br>• विभिन्न किसिमबाट वस्तुहरू टाँस्न,<br>• निश्चित आकारमा वस्तुहरूलाई पट्याउन, काट्न र टाँस्न प्रयास गर्न<br>• बढीभन्दा बढी वस्तुका टुक्रालाई सङ्गठित तवरले राखी आकार दिन<br>• विभिन्न डिजाइनहरू बनाउन उत्सुक हुन<br>• चित्र, तस्बिर र अन्य कला अवलोकन गर्न ।<br>**सङ्गीत सुनाइ**<br>• सक्रिय रूपले धुन र लय सुन्न<br>• लय, सङ्गीतका आधारमा धुनको भिन्नता सुनेर नक्कल गर्न<br>• धुनका आधारमा गीत पहिल्याउन । |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | **गायन**<br>• विभिन्न उपलक्ष्यमा गाइने गीतहरूबारे जानकारी राखी गाउन<br>• विभिन्न गीत तथा कविता अनुवाचन/अनुगायन गर्न<br>• स्वतन्त्र/सामूहिक गीत गाउन<br>• ताल र लयअनुसार गीत गाउन, गीत छुट्याउन र पत्ता लगाउन<br>• चुट्की, मुखको सिटी प्रयोग गरेर आवाज निकाल्न<br>• स्थानीय बाजा र स्थानीय सामग्रीबाट निर्मित बाजा (जस्तै : बोतलको बिर्को, ढुङ्गा भएका बट्टाहरू) बजाएर सामूहिक ताल निकाल्न<br>• ताल र लयलाई मिलाउन, निर्देशनअनुसार ठुलो चर्को स्वर र सानो मसिनो स्वर निकाल्न ।<br>**नाच र शरीरको सञ्चालन**<br>• समय र तालको आधारमा निर्देशित प्रदर्शन गर्न<br>• साङ्गीतिक तालको आधारमा विभिन्न हाउभाउ देखाउन<br>• एकल, जोडी तथा समूहमा नाच गर्न<br>• प्रेम, माया र स्नेहलाई चालद्वारा व्यक्त भावात्मक अभिव्यक्ति दिन । |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | (घ) वातावरण विज्ञान | | **बिरुवा**<br>• बिरुवाको वृद्धि अवलोकन गर्न<br>• बिरुवा र मानिसबिचको सम्बन्ध पत्ता लगाउन ।<br>**जनावर**<br>• घरपालुवा र जङ्गली जनावर छुट्याउन<br>• जमिनमा बस्ने, पानीमा बस्ने र उड्ने जनावरहरू छुट्याउन<br>• जनावरहरूको बच्चाको नाम बताउन<br>• जनावरहरूको वृद्धि र परिवर्तन सम्बन्धमा सामान्य जानकारी राख्न ।<br>**वस्तु/पदार्थ**<br>• प्लास्टिक, सिसा, धातु र काठबाट बनेका सामानहरू चिन्न र छुट्याउन<br>• कडा नरम, खस्रो चिप्लो तथा ठोस तरल वस्तुहरूको पहिचान गर्न ।<br>**पानी**<br>• पानीका विभिन्न अवस्था र त्यसको प्रयोगबारे अवलोकन गर्न<br>• पानीको स्रोतहरू बताउन |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | • बिरुवा र जनावरका लागि पानीको महत्व बताउन ।<br>**वातावरण**<br>• हिमाल, पहाड, तराईको धारणा प्रस्ट पार्न<br>• पानी र वर्षात्का बारेमा बताउन<br>• सूर्य उदाउने अस्ताउने दिशा बताउन ।<br>**मौसम**<br>• मौसमअनुसार पाइने फलफूल तथा तरकारीबारे जानकारी राख्न<br>• मौसमअनुसारको लुगा लगाउन र खाना खान ।<br>**औजार र मेसिन**<br>• आफ्नो घरपरिवार र समुदायमा प्रयोग हुने औजार र मेसिनबारे बताउन<br>• विभिन्न अवस्थामा प्रयोग हुने औजार र मेसिनहरूको नाम बताउन<br>• पहिले र अहिले प्रयोग हुने औजार तथा सामग्रीबिच भिन्नता पहिल्याउन ।<br>**शक्ति**<br>• विद्युत्, सौर्यशक्ति र पानीबाट चल्ने सामग्रीहरूबारे बताउन । |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|---|---|---|
| | | | | **यातायात र सञ्चार**<br>• यातायातका साधनहरूको नाम बताउन<br>• यातायातका साधन चलाउन प्रयोग हुने इन्धनको नाम बताउन<br>• ठाउँअनुसार प्रयोग हुने यातायातका साधनहरूको जानकारी लिन<br>• पहिले र अहिलेका यातायातका साधनको जानकारी लिन<br>• सञ्चार माध्यमको प्रयोगबारे जानकारी लिन<br>• भनेको कुरा सुन्ने र मनन गर्ने बानीको विकास गर्न<br>• सूचना लिनुपर्ने दिनुपर्ने जस्ता सञ्चारका महत्वबारे जानकारी गराउन<br>• सूचना प्रवाहका माध्यमबारे परिचित हुन । |
| | | (ङ) सामाजिक अध्ययन | | **स्वधारणा**<br>• आफ्नो परिवारका सदस्यको नाम र नाता पहिचान गर्न<br>• परिवारका सदस्यका सङ्ख्या बताउन<br>• आफ्ना अनुभव र घटनाहरू सम्बन्धमा बताउन<br>• आफू र अरूबिच मेलमिलापको सम्बन्ध कायम गर्न<br>• विभिन्न अवस्थामा अपनाइने नियमबारे जानकारी लिई प्रयोग गर्न (जस्तै : आदर, सुरक्षा, कुराकानी, धैर्य, सुनाइ इत्यादि) । |

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
| --- | --- | --- | --- | --- |
| | | | | • विभिन्न अवसरले नजिक पार्ने पारिवारिक सम्बन्ध (जस्तैः दसैं, तिहार इत्यादि) अवलोकन गर्न । <br>**संस्कृति**<br>• परिवार, छिमेक, विद्यालय र देशमा हुने तथा गरिने सांस्कृतिक, धार्मिक क्रियाकलापहरूबारे जानकारी राखी सो काममा आफ्नो स्तरबाट सहभागी हुन र ती कामहरूप्रति गौरव मान्न<br>• अरूका संस्कृति, वेषभूषा, खाना र चलनको सम्मान गर्न ।<br>**बानी**<br>• खराब बानीहरूको परित्याग गरी असल बानीको विकास गर्न ।<br>**सद्भावना र मेलमिलाप**<br>• समूहमा मिल्न, सहयोगी बन्न, आफूले गर्नुपर्ने कामहरू बताउन<br>• विविधताप्रति सचेत र समान व्यवहार देखाउन ।<br>**स्वावलम्बन**<br>• आफ्नो काम आफैँले गर्न प्रयास गर्न<br>• परिवारले गर्ने काममा आफ्नो स्तरअनुसारको काममा संलग्न हुने बानीको विकास गर्न ।<br>**नेतृत्व**<br>• समूहका लागि नेतृत्व लिने र अरूको नेतृत्वको कदर गर्ने बानी बसाल्न |

## (ग) सिप सिकाइका क्षेत्र र कार्यघण्टा

प्रारम्भिक उमेर समूहका बालबालिकामा उल्लिखित विकासात्मक उपलब्धिहरू हासिल गर्न देहायबमोजिमका सिपका पक्षहरूमा जोड दिनुपर्नेछ :-

| क्र.स. | मुख्य सिकाइ क्षेत्र | सिकाइ क्षेत्रको विस्तृतीकरण | कार्यघण्टा |
|---|---|---|---|
| १ | **आधारभूत सिप सिकाइका क्षेत्र** | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |
| २ | **विषयगत सिप सिकाइका क्षेत्र** | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वातावरण विज्ञान<br>(ङ) सामाजिक अध्ययन | १९२ |
| | **कुल जम्मा** | | ५७६ |

**द्रष्टव्य :**

१. उपर्युक्त तालिकाबाहेक स्थानीय विषयवस्तुअन्तर्गत स्थानीय तहमा प्रचलित मनोरञ्जनात्मक क्रियाकलाप, खेल, बालगीत, विभिन्न कथा, चालचलनको भूमिका अभिनय र आरामका अभ्यास वा अन्य स्थानीय विशिष्ट अभ्यास, प्रचलन वा रोचक प्रसङ्गलगायतका विषयक्षेत्र समेटी कम्तीमा दैनिक एक घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुनेछ ।

२. विषयगत सिकाइका क्षेत्रहरूअन्तर्गतका विषयवस्तुको सिकाइ क्रियाकलाप अलग्गै विषयकारूपमा नभई आधारभूत सिपका क्षेत्रसँग एकीकृत रूपमा सञ्चालन गर्नुपर्नेछ ।

(घ) एकीकृत संरचनामा आधारभूत एवम् विषयगत सिपगत सिकाइ उपलब्धिको वितरण

| नमुना विषयक्षेत्र | सिपगत सिकाइ उपलब्धि | विषयगत सिकाइ उपलब्धि | कार्यघण्टा |
|---|---|---|---|
| नाचौं गाऔं | | | |
| रङ भरौं | | | |
| .... | | | |

## ३. सिकाइ सहजीकरण प्रक्रिया

प्रारम्भिक बालविकासमा पढाइ लेखाइमा भन्दा पनि बालबालिकाहरूको समग्र विकास, स्याहार तथा सुरक्षामा जोड दिनुपर्छ । प्रारम्भिक बालविकास र शिक्षाको सिकाइ कियाकलापहरू अनौपचरिक रूपले बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताको आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले सञ्चालन गर्नुपर्छ । बालबालिकाको विविधतालाई ध्यानमा राखेर उनीहरूको सिकाइलाई प्रोत्साहन गर्नुपर्दछ । खेल, गीत, कविता, कथा कथन, प्रर्दशन, श्रव्य दृश्य सामग्रीको प्रदर्शनमार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनुपर्दछ । यसका अतिरिक्त अवलोकन, समूहकार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूअन्तर्गतका क्रियाकलापहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्दछ । बालबालिकाको सर्वाङ्गीण विकासका निम्ति विद्यालयमा गरिने क्रियाकलापका अतिरिक्त घरमा गरिने क्रियाकलापहरूमा अभिभावकको सहयोग र संलग्नतालाई समेत सुनिश्चित गर्नुपर्दछ ।

## ४. पठनपाठन तथा विकासात्मक कार्यकलापका लागि समय निर्धारण

प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूका लागि वार्षिक १९२ दिन (३२ हप्ता) कक्षा सञ्चालन गर्नुपर्नेछ । प्रतिदिन ४ घण्टा ३० मिनेटका दरले हप्तामा ६ दिन कक्षा सञ्चालन हुँदा वार्षिक ३२ हप्तामा जम्मा ८३२ घण्टा कक्षा सञ्चालन गर्नुपर्नेछ । प्रारम्भिक बालविकास र शिक्षाका

लागि छुट्याइएको समय भित्र आधारभूत सिप सिकाइ क्रियाकलाप, विषयगत सिप सिकाइ क्रियाकलाप, मनोरञ्जन, बाह्य खेल र आराम गर्ने तथा खाजा खाने समयसमेत गणना गरिनेछ । अर्थात् उक्त समयले बालबालिकाले प्रारम्भिक बाल विकास केन्द्रमा विताउने पूरा अवधिलाई बुझाउँछ । प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूलाई दैनिक कम्तीमा १ घण्टा आराम र खेल्नका लागि छुट्याउनु पर्नेछ । प्रारम्भिक बालविकास र शिक्षाका बालबालिकाको बालमनोविज्ञानमा आधारित रही पठनपाठनका क्रियाकलापभन्दा मनोरञ्जनात्मक एवम् विकासात्मक क्रियाकलापमा जोड दिनुपर्छ । प्रत्येक दिनमा गर्न सकिने क्रियाकलापहरूको सम्भावित समय तालिका अनुसूची १ मा दिइएको छ । यसलाई विद्यालयले आवश्यकता एवम् स्थानीय परिवेशका आधारमा समायोजन गरी कार्यान्वयन गर्न सक्ने छ ।

## ५. पाठ्यक्रम कार्यान्वयन

यो पाठ्यक्रम कार्यान्वयनका लागि निम्नानुसारको व्यवस्था हुने छ :

### ५.१ सिकाइ वातावरण

बालविकास कार्यक्रमअन्तर्गतको बालविकास केन्द्रमा कक्षाभित्र र कक्षाबाहिर गरिने खालका क्रियाकलापहरू गराउनुपर्छ । यी क्रियाकलापहरू बालबालिकालाई नयाँनयाँ कुराको खोजी गर्ने र आफ्नो वातावरणसम्बन्धी जानकारी लिन उत्प्रेरित गर्ने किसिमका हुनुपर्दछ । बालबालिकाको सिकाइलाई सहज र मनोरञ्जनपूर्ण बनाउनका लागि वास्तविक स्थितिको वातावरण बनाई स्वतन्त्ररूपले सिक्ने र सुरक्षाको अनुभूति दिने खालको व्यवस्था गर्नुपर्दछ । यसका लागि निम्नानुसारको सिकाइ वातावरण आवश्यक हुन्छ :

**(अ) भौतिक वातावरण**

(क) कक्षाकोठाको व्यवस्थापनको सन्दर्भमा कक्षाभित्र अनिवार्यरूपले भाषा क्षेत्र सिर्जनात्मक क्षेत्र, गणित क्षेत्र,

विज्ञान क्षेत्र निर्माण र अभिनयको क्षेत्र जस्ता सिकाइ क्षेत्रहरूको व्यवस्था गर्नुपर्छ ।

(ख) प्रशस्त ठाउँ भएको अवस्थामा खेल क्षेत्र, सामूहिक क्रियाकलाप क्षेत्र, प्रदर्शन क्षेत्र, सामग्री भण्डार क्षेत्र, आराम क्षेत्र र खाजा क्षेत्र पनि छुट्याउन सकिन्छ ।

(ग) कक्षाबाहिरको व्यवस्थापनमा पिङ, चिप्लेटी, सुरुङ, पानी खेल (water play), बालुवा खेल (sand play), स्वतन्त्र दौड जस्ता खेलक्षेत्रको व्यवस्था पनि गर्न सकिन्छ ।

**(आ) शैक्षिक वातावरण**

बालबालिकाहरूलाई अनौपचारिक रूपमा सिकाउनुपर्छ । यसका लागि निम्नलिखित शैक्षिक क्रियाकलापहरूको प्रयोग गर्नुपर्छ :

(क) बालबालिकाको सिकाइका लागि स्वतन्त्र खेल, सामग्रीको प्रयोगबाट प्राप्त गरिने अनुभव, परिवेशअनुसारका स्वतन्त्र क्रियाकलाप, शैक्षिक खेल र निर्देशित क्रियाकलापहरू सञ्चालन गर्नका लागि समयतालिका बनाउनुपर्छ । ठाउँ, परिस्थिति र संस्कृतिलाई ध्यानमा राखी तोकिएका क्षेत्रहरूका लागि गरिने क्रियाकलापहरू समयावधिमा मिलाएर लानुपर्छ ।

(ग) बालबालिकाका लागि चयन गरिने क्रियाकलाप अर्थपूर्ण हुनुपर्छ । क्रियाकलाप छनोट गर्दा निर्धारित समयमा सकिने र व्यावहारिक जीवनमा प्रयोग गर्न सकिने खालका हुनुपर्छ । क्रियाकलापले बालबालिकामा कुनै किसिमको नकारात्मक भावना पैदा नगरोस् भनी सहयोगीले विशेष ध्यान पुऱ्याउनुपर्छ । यस्ता क्रियाकलाप गराउँदा सहकार्य गराउनुपर्छ र बालबालिकालाई नै सक्रिय बनाई उनीहरूको स्तरअनुसार नयाँ नयाँ कुराहरू खोजी गर्न प्रोत्साहित गर्नुपर्छ । क्रियाकलाप सञ्चालन गर्दा नियन्त्रण तथा निर्देशन गर्नुभन्दा पृष्ठपोषण दिई

उनीहरूका असहजपन र द्विविधाहरू हटाउन आवश्यक सहयोग गर्नुपर्ने हुन्छ ।

(घ) वरपरबाट सिक्नका लागि समस्या समाधानको उपयुक्त परिस्थिति बनाई बालोपयोगी शिक्षण तरिका अपनाउनुपर्छ । यस्ता क्रियाकलाप गर्न बालबालिकालाई व्यक्तिगत, समूहगत रूपमा हौसला प्रदान गर्ने खालका प्रश्न गर्ने र नयाँ कुरा भन्ने जस्ता रणनीतिहरू अपनाउनुपर्छ ।

(ङ) बालबालिकाको सिकाइमा सहयोग गर्न उनीहरूको आवश्यकताअनुरूप वर्णन गर्ने, थप जानकारी दिने र ठिक सिकाइ कार्यमा उत्प्रेरित गराउन लगाउनका लागि प्रश्नहरू सोध्ने गर्नुपर्दछ । साथै बालबालिकाहरूलाई पनि एकआपसमा प्रश्नहरू सोध्न प्रोत्साहित गर्नुपर्दछ । यसबाहेक बालबालिकाले वातावरणबाट ज्ञान आर्जन गरुन् भन्नका लागि बढी मात्रामा उनीहरूलाई नै संलग्न गराउनुपर्छ । सोका लागि आवश्यक वातावरण तयार गरी सिकाइप्रति उत्प्रेरित गर्ने खालको छलफल गराउन "के ? किन ? कसरी ? कस्तो ? कहाँ ? जस्ता प्रश्न गर्नुपर्दछ ।

(च) बालबालिकालाई विद्यालयका लागि तयार गर्ने क्रममा बालविकास केन्द्रमा उनीहरूले बिताउने समयमध्ये वर्णको सङ्केतन, विसङ्केतन र स्वतन्त्र लेख्न लेखाइजस्ता क्रियाकलापका लागि योजनाबद्धरूपले केही समय छुट्याउनु पर्छ ।

(छ) बालबालिकाको सिकाइलाई सहयोग पुऱ्याउने क्रममा समय र ठाउँ हेरी सहयोगीले सिजर्नात्मक खेल जस्ता व्यक्तिगत क्रियाकलापहरू गराउनुपर्छ । समूह क्रियाकलापका लागि विभिन्न प्रकारका समूह बनाइदिने र उनीहरूले गरिरहेका क्रियाकलापमा आवश्यकताअनुसार सहयोग गर्नुपर्छ । विषयवस्तुको प्रस्तुति, सामूहिक निर्देशन पालन, सामाजिक सिपहरूको प्रयोग जस्ता

सामाजिक कार्य गराउँदा पनि सहयोग पुऱ्याउन आवश्यक हुन्छ ।

(ज) बालबालिकाहरूको सिकाइ आफ्नै ढाँचाको हुन्छ । मनोरञ्जनात्मक र रुचिपूर्ण खेलयुक्त क्रियाकलापले बालबालिकालाई सिक्न सहयोग पुग्छ । मनोरञ्जनपूर्ण र खलेकुद क्रियाकलापअन्तगर्त स्वतन्त्र खेल, छलफल, सिर्जनात्मक खेल, शारीरिक खेल, निर्देशित खेलजस्ता क्रियाकलापहरू गराउनुपर्छ । बालबालिका आफैं र सहयोगी मिलेर बनाएका योजनाअनसुार यी क्रियाकलापहरू गर्नुपर्छ ।

## ५.२ अभिभावक/समुदायको संलग्नता

अभिभावकहरूलाई बालबालिकाको प्रगति सम्बन्धमा जानकारी दिएर केन्द्रका विभिन्न क्रियाकलापहरूमा संलग्न गराउनाले आफ्नै कार्यक्रमका रूपमा बालविकास कार्यक्रमप्रति उनीहरूको अभिरुचि बढ्न गई कार्यक्रम दिगो राख्न सहयोग पुग्छ । अभिभावकको चाहना, इच्छा र बालविकास केन्द्रले गर्ने क्रियाकलापबिच तालमेल मिलाउन आपसमा खुला छलफल भएमा एकअर्काबिच विश्वास बढ्न गई बालविकासका कार्यक्रमहरूमा उनीहरूलाई सहयोगी बनाउन सकिन्छ । यसका लागि निम्नानुसारका काम गर्न सकिन्छ :

- अभिभावकसँग समय समयमा कुराकानी गरी बालबालिकाको प्रगतिको जानकारी गराउने र उनीहरूलाई केन्द्रका क्रियाकलापबारे सुसूचित गराउने
- आवश्यकताअनुसार अभिभावकसँग व्यक्तिगत सम्पर्क राखी बालबालिकाहरुको प्रगति, क्रियाकलाप र केन्द्रको गतिविधि बारेमा छलफल गर्ने
- अभिभावकलाई विभिन्न समितिमा संलग्न गराउने, उनीहरूको क्षमतानुसारको सहयोग माग गर्ने, पुस्तकालय सञ्चालन तथा पत्रिका सङ्कलन गर्न उनीहरूको सहयोग लिने, अभिभावक र

बालबालिकाको संयुक्त सिकाइ सत्र, खेल खेलाउने सत्र, र अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था गर्ने, अभिभावकबिच विचार आदानप्रदान गराउने, समय समयमा केन्द्रमा बोलाएर बालबालिकाका क्रियाकलाप अवलोकन तथा त्यस्ता क्रियाकलापमा सहभागीसमेत गराउने, बालबालिकालाई बाहिर घुमाउन लैजाँदा अभिभावकको सहयोग लिनेजस्ता विशेष कार्यक्रमहरूको तर्जुमा गर्ने

- बालविकास केन्द्रको वार्षिक कार्यक्रम तर्जुमा र केन्द्रको नीति निर्माणमा अभिभावकलाई पनि संलग्न गराउने
- समस्यामूलक बालबालिकाहरूका अभिभावकलाई आवश्यक सल्लाह सुझाव दिने ।

## ५.३ अपाङ्गता भएका बालबालिकाको सन्दर्भमा बालविकास कार्यक्रम

बालबालिकाको सिकाइ क्षमता विभिन्न कारणले फरकफरक हुने भएकाले यस्ता फरक फरक सिकाइ क्षमता भएका बालबालिकालाई सानै उमेरमा पहिचान गरी आवश्यकताअनुरूप उपयुक्त किसिमबाट सहयोग गर्नुपर्दछ । यसो गरेमा सिकाइको अन्तर केही हदसम्म कम हुनजान्छ । बालबालिकाको शारीरिक र मानसिक क्षमतालाई पहिचान गरी आवश्यक सहयोग गर्नका लागि यस पाठ्यक्रममा निर्देशन गरिएकादेखि बाहेक आवश्यकताअनुसार अन्य सुहाउँदा क्रियाकलाप चयन पनि गर्न सकिन्छ ।

बालविकासको विशेष आवश्यकताको पहिचान गरी सोअनुरूप सिकाइ सहजीकरण प्रक्रियालाई व्यवस्थित गर्न अभिभावकसमेतको सहयोग लिनुपर्दछ । बालबालिकाको क्षमता र उनीहरूको विशेष आवश्यकताको पूर्व पहिचान (Early identification) गर्ने निकायसँग समेत सहयोग लिई आवश्यकताअनुसार अन्य सम्बन्धित निकायमा सहयोगार्थ पठाउने र उपचारात्मक कक्षा सञ्चालन गर्नेजस्ता व्यवस्था पनि गर्नुपर्दछ ।

### ५.४ बालशिक्षकको भूमिका

प्रारम्भिक बालविकास र शिक्षाको कक्षाका शिक्षकको मुख्य मुख्य भूमिका देहायबमोजिम हुने छ :

- बालबालिकाहरूसँग कुराकानी गर्ने, सुन्ने, नयाँ शब्दहरू दोहोऱ्याउने र दोहोऱ्याउन लगाउने
- उमेरअनुसारको समूह बनाउने र समूहअनुसारको क्रियाकलापहरूगर्न दिने
- समूह समूहमा काम गर्न सहयोग गर्ने र गरेका कामको अवलोकन गर्ने
- बालबालिकाहरूको कक्षामा सहभागिता अवलोकन गरी सहभागी गराउन प्रोत्साहन गर्ने
- समयअनुसार हाउभाउ गर्न सिकाउने, जस्तै : के हुन्छ, किन, कसरी, तिम्रो के विचार छ ? जस्ता प्रश्नहरू बालबालिकालाई सोध्ने र सोध्न प्रोत्साहित गर्ने
- साथी साथीबिच कुराकानी गर्न लगाई अवलोकन गर्ने
- दिइएका क्रियाकलापहरूमा संलग्न गराउन बालबालिकाहरुसँग घुलमिल भई सिक्ने सिकाउने
- प्रश्नहरू सोधेर प्रोत्साहित गर्ने, आवश्यक स्रोतको व्यवस्था गर्ने, समयानुसार चाडपर्व, विशेष दिनसम्बन्धी चित्र कोर्ने, कथा कविता भन्ने र भन्न लगाउने, सामग्री सङ्कलन गराउने, सामग्री सङ्कलन गरी संरक्षण गर्ने,ससाना पुस्तिका निर्माण गर्न प्रोत्साहन गर्ने, सकारात्मक प्रस्तुतिलाई अभिप्रेरित गर्ने, बालबालिकाहरूलाई प्रश्न सोध्न प्रोत्साहन गरी सोधिएका प्रश्नका बारेमा चाख लिने, विषय सन्दर्भ हेरी अवलोकन भ्रमणको व्यवस्था गर्ने आदि
- बालबालिकाहरूलाई सुरक्षाको महसुस गराउने । कुनै विपत्‌को अवस्था आएमा सिकाइ सहजरूपमा कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा विद्यालय व्यवस्थापन पक्षसँग आवश्यक सल्लाह गरी सोहीअनुसार व्यवस्था गर्ने ।

## ६. मूल्याङ्कन प्रक्रिया

प्रारम्भिक बालविकास र शिक्षामा बालबालिकाको मूल्याङ्कन गर्दा अनौपचारिक रूपले उनीहरूका दैनिक क्रियाकलापलाई निरन्तर अवलोकन गरी विकास तथा सिकाइको अभिलेखीकरण गर्नुपर्ने छ । प्रारम्भिक बालविकास उमेरका बालबालिकाहरूको मूल्याङ्कन निरन्तर रूपमा भइरहनुपर्दछ । बालविकासका सबै पक्षलाई समेटेर बालबालिकाका क्रियाकलापहरूको अवलोकन र ती क्रियाकलापहरूको अभिलेखका आधारमा बालबालिकाको मूल्याङ्कन गर्दा उनीहरूको प्रगतिको गति र यथास्थितिको जानकारी हुन्छ । यसबाट सुधार गर्नुपर्ने पक्ष र सबल पक्षको जानकारी प्राप्त भई सुधार गर्नुपर्ने पक्षमा सहयोग पुऱ्याउन सजिलो हुन्छ । बालबालिकाको मूल्याङ्कन गर्दा उत्प्रेरणात्मक ढङ्गले सुधारात्मक प्रक्रिया अवलम्बन गरी शिक्षकले बालबालिकाको आवश्यकताअनुसार सिकाइमा सहयोग पुऱ्याउनुपर्छ ।

- बालबालिकाको दैनिक क्रियाकलापका आधारमा के, कति, कहिले, र कसरी सिके भन्ने अवलोकन गर्ने गर्नुपर्दछ । बालबालिकालाई औपचारिक परीक्षा दिन लगाउनु हुँदैन । सञ्चित अभिलेख राखी व्यक्तिगत फाइल खडा गर्नुपर्दछ ।
- बालबालिकाको मूल्याङ्कन गर्ने क्रममा कहाँ, कस्तो, के र किन कमजोरी छ भन्ने पत्ता लगाई सुधारात्मक तरिकाहरू अपनाउनुपर्छ ।
- बालबालिकाको प्रगतिलाई उनीहरूले गरेका क्रियाकलापका आधारमा टिपोटका रूपमा अभिलेख राखी ती टिपोट त्रैमासिक रूपमा अभिभावकलाई जानकारी गराउनुपर्छ । शैक्षिक सत्रको अन्त्यमा ती टिपोटलाई प्रतिवेदनका रूपमा तयार गरी बालविकास केन्द्रबाट विद्यालयमा भर्ना हुन जाँदा दिने गर्नुपर्छ ।

# अनुसूची १

## दैनिक कार्यतालिका

| सि.न. | क्रियाकलाप | समय | क्रियाकलाप विस्तृतमा |
|---|---|---|---|
| १ | सुरुआत | १५ मि. | • केन्द्रमा स्वागत, खाजा र झोला तोकिएको ठाउँमा राख्ने, शौचालय जाने, जुत्ता चप्पल उपयुक्त ठाउँमा राख्ने<br>• सरसफाइ अवलोकन र आवश्यकताअनुरूप सरसफाइ गरिदिने<br>• शिष्टाचार, प्रार्थना र ध्यान गर्ने गराउने । |
| २ | केन्द्र प्रवेश/ सामाजिकीकरण | ३० मि. | • हाजिरी<br>• दिन, बार, मौसम तालिका मिलाउने र ती सम्बन्धमा गीत, खेल खेलाउने वा शिष्टाचार गीत, खेल खेलाउने<br>• घेरा समय (साधारण छलफल, अनुभव आदानप्रदान) । |
| ३ | विषय प्रवेश/योजनाबद्ध सामूहिक क्रियाकलाप (THEME) शिक्षक सहयोगी दैनिक क्रियाकलाप पुस्तिकाको सहयोग लिने) | ६० मि. | • शीर्षकगत गीत/कथा/कविता<br>• शीर्षकगत विषयवस्तुमा छलफल, अनुभव आदानप्रदान, धारणा प्रस्ट्याउने, क्रियाकलापका लागि निर्देशन<br>• ससाना समूह बनाई सिकाइ कुनाको क्रियाकलाप<br>• क्रियाकलापको पुनरावलोकन र थप आवश्यक सहयोग र निर्देशन । |

| सि.न. | क्रियाकलाप | समय | क्रियाकलाप विस्तृतमा |
|---|---|---|---|
| ४ | आराम | ३० मि. | • सुत्ने वा बस्ने |
| ५ | खाजा समय | ३० मि. | • स्वास्थ्य/नैतिक सन्देश<br>• हात धुने र खाजा खान दिने |
| ६ | स्वतन्त्र खेल | १५ मि. | • इच्छाअनुसार भित्र बाहिर स्वतन्त्र रूपले खेल्न दिने |
| ७ | सङ्गीत/अभिनय/खेल | १५ मि. | • विषयसँग सम्बन्धित कुनै पनि गीत/अभिनय गर्न दिने/खेल खेल्न दिने |
| ८ | योजनाबद्ध क्रियाकलाप (THEME) शिक्षक सहयोगी दैनिक क्रियाकलाप पुस्तिका को सहयोग लिने) | ६० मि. | • ससाना समूह बनाई सिकाइ कुनाको क्रियाकलाप, क्रियाकलापको पुनरावलोकन र थप आवश्यक सहयोग |
| ९ | पुनरावलोकन | १५ मि. | • दिनभरिका क्रियाकलापको समीक्षा/छलफल/पृष्ठपोषण<br>• अर्को दिनका लागि आवश्यक निर्देशन<br>• बिदाइ गीत<br>• सरसामान यथास्थानमा राख्ने र अभिभावकले लिन आएमा जान दिने। |
| **जम्मा ४:३० घण्टा** | | | |

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर